रास्कोट नगरपालिका, कालिकोट

कर्णाली प्रदेश

२०८१

रास्कोट नगरसभामा मिति २०८१ आषाढ ०७ गते

उपप्रममुख श्री मनिराज बरालले

प्रस्तुत गर्नुभएको

# आर्थिक बर्ष २०८१।०८२ को

# बजेट बक्तब्य

**नगर सभाका अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यज्यूहरु,**

**उपस्थित सम्पूर्ण महानुभावहरु,**

यस रास्कोट नगरपालिकाको आगामी सोच एवम् जनआकाङ्क्षा समेटिएको आर्थिक वर्ष २०८१।०८२ को नीतिलाई कार्यक्रम र बजेट मार्फत व्यवहारिक रुपमा कार्यान्वयन गर्न नेपालको संविधानको धारा २३० को प्रबन्ध बमोजिम सम्मानित १४ औं नगरसभा समक्ष आ.व २०८१।०८२ को आय र व्यय अनुमान प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त गर्वको महसुस गरेको छु ।

यस बजेटले नगरपालिकाको सामाजिक आर्थिक, सांस्कृतिक, प्रविधि र दिगो पुर्वाधार विकासमा रणनीतिक महत्व राख्ने विश्वास लिएको छु ।

राजनीतिक परिवर्तनका लागि अमुल्य जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक सम्मान गर्दै श्रद्धान्जली व्यक्त गर्दछु । राष्ट्रियता , स्वाधिनता, लोकतन्त्र, सामाजिक न्याय र समृद्धिको मार्गचित्र कोर्न संघर्ष गर्ने महान नेपाली नागरिक र सबल नेतृत्व गर्नुहुने श्रदेय शिखर व्यक्तिहरु प्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।

लामो समयको नेपाली जनताको संघर्षबाट जनताको चाहना अनुरुप संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापना भएको छ । लोकतान्त्रिक व्यवस्था र प्रणालीको बलियो जग राख्न हाम्रो भूमिका महत्वपूर्ण रहेको छ । समृद्ध नेपालः सुखी नेपाली हाम्रो राष्टिय अभियानलाई सार्थकता दिंदै रास्कोट नगरपालिकालाई समृद्ध बनाउने हाम्रो अभियानलाई सार्थक बनाउन हामी निरन्तर प्रयत्नरत छौं । यस अभियानमा सम्पूर्ण महानुभावहरुको रचनात्मक र सकारात्मक सहयोगको अपेक्षा गर्दछु ।

संघीय नेपालको संरचना भइसकेपछि तीन तहका सरकार मध्ये जनताको घरदैलोको सरकारको रुपमा स्थानीय सरकारको पहिलो पाँच बर्षको कार्यकाल पूराभई दोश्रो कार्यकालका लागि हामी निर्वाचित भएर जनताको सुखः दुखमा हातेमालो गर्दै विकासको लहरमा समाहित भएकाछौ । रास्कोटको समृद्धिको अभियानमा महत्वपूर्ण भुमिका निर्वाह गर्नु हुने सम्पुर्ण नगरसभाका सदस्य, आम नागरिक, बुद्धिजिवी, उद्यमी, व्यवसायी, राष्टसेवक कर्मचारीहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । रास्कोटको सर्वाङ्गीण विकासका लागि नगरपालिकालाई अग्रगामी पथमा लैजान पथप्रदर्शकको भुमिका निर्वाह गर्नुहुने सम्पुर्ण आदरणीय अग्रजहरुको योगदानको उच्च सम्मान व्यक्त गर्दछु ।

**"स्थिरता,उत्पादनशीलता,रोजगारी बृद्धि,समावेशी विकास,आत्मनिर्भरता र आर्थिक सम्बृद्धि"** लाई मूलमन्त्र मानी संघीय सरकार र कर्णाली प्रदेश सरकारले अवलम्वन गरेका आर्थिक लक्ष्य तथा उद्देश्य लाई आत्मासाथ गरी अन्तराष्टिय प्रतिबद्धता बमोजिम दिगोविकास लक्ष्यलाई समेत पुरा गर्न रास्कोटका जनताको अपार तथा उत्साहपुर्ण सहभागीताको परिणामले नै हामी उत्साहित भएका छौं । यो सरकार रास्कोटवासीको आशा र भरोसाको केन्द्रविन्दु हो । हामी रास्कोटका जनताले पाउने सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो, भरपर्दो,गुणस्तरीय र मुस्कान सहितको सेवा

प्रदान गर्न हरपल प्रयत्नरत छौं । हाम्रो कामले नागरिकको मुहार उज्यालो पार्ने लक्ष्य रहेको छ । रास्कोटका नागरिकको सर्वोत्तम हित र अग्रगामी प्रगतिका लागि यो सरकार प्रतिवद्ध रहेको व्यहोरा दृढ विश्वास दिलाउन चाहन्छु ।

आगामी आर्थिक बर्षको बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, संघीय सरकार को आ.व.२०८१।०८२ को नीति तथा कार्यक्रम, कर्णाली प्रदेश सरकारको आ.व. २०८१।०८२ को नीति तथा कार्यक्रम, स्थानीय सरकार सञ्चालन ऐन, आर्थिक ऐन, विनियोजन विधेयक, आर्थिक विधेयक, स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन कार्यविधि २०७७, कार्यपालिका सदस्य र नगर सभाका सदस्य ज्यूहरु, विज्ञ महानुभावहरुका सुझावहरु, दिगो विकासका लक्ष्यहरु, विभिन्न राजनैतिक दलका पदाधिकारीहरु, पेशा व्यावसायी, संघ संस्था, बुद्धिजिवि, विषयगत समिति सुझावहरु र नगरबासी दिदिबहिनी तथा दाजुभाईहरुबाट प्राप्त सुझावहरु लाई समेत यथासम्भव मार्गदर्शनको रुपमा लिई आ.व २०८१।०८२ को अनुमानित आय र व्यय प्रस्तुत गरिएको छ ।

**सभा अध्यक्ष महोदय,**

अब म यस रास्कोट नगरपालिकाको आ.ब. २०८०।०८१ को वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्थाको संक्षिप्त समिक्षा सम्मानीत सभा समक्ष पेश गर्न चाहन्छु ।

**चालु आ.व.मा हामीलाई संघिय सरकारको समानीकरण अनुदान रु. ९ करोड ८२ लाख, संघीय सरकारको समपूरक अनुदान ७० लाख, संघीय सरकार राजश्व बाँडफाँड ७ करोड १६ लाख ५ हजार, संघीय सरकार विशेष अनुदान १ करोड ५० लाख, संघीय सरकार सशर्त अनुदान २० करोड २५ लाख, कर्णाली प्रदेश सरकारको समानीकरण अनुदान १ करोड १३ लाख ८७ हजार, प्रदेश सरकार समपूरक अनुदान १ करोड ९४ लाख प्रदेश सरकारको शसर्त अनुदान १ करोड ७९ लाख २३ हजार,आन्तरिक श्रोत १ करोड २१ लाख बजेट विनियोजन गरीएको थियो । हाल सम्म यस रास्कोट नगरपालिकाको वित्तीय प्रगति ६१ प्रतिशत रहेको छ ।**

**सभा अध्यक्ष महोदय,**

अव म आगामी आ.व.०८१।०८२ को बजेट सिमा उल्लेख गर्ने अनुमति चाहन्छु ।

| | स्रोत समूह | स्रोत | जम्मा बजेट सीमा |
|---|---|---|---|
| १ | **संघीय सरकार** | समानिकरण अनुदान | ९,८६,००,००० |
| २ | संघीय सरकार | शसर्त अनुदान चालु | १८,३०,४०,००० |
| ३ | संघिय सरकार | शसर्त अनुदान पूंजिगत | १,९५,००,००० |
| ४ | संघीय सरकार | विषेश अनुदान | ० |

| | | | |
|---|---|---|---|
| ५ | संघीय सरकार | समपुरक अनुदान पुँजीगत | १,४५,००,००० |
| ६ | राजस्व बडफाड | राजस्व बाँडफाँड | ७,६०,००,००० |
| ७ | **प्रदेश सरकार** | समानिकरण अनुदान | १,१३,७२,००० |
| ८ | प्रदेश सरकार | शसर्त अनुदान चालु | २२,८८,००० |
| ९ | प्रदेश सरकार | शसर्त अनुदान पुँजी | २,५६,००,००० |
| १० | प्रदेश सरकार | विषेश अनुदान | ५०,००,००० |
| ११ | प्रदेश सरकार | समपुरक अनुदान पुँजीगत | ० |
| १२ | राजस्व बाडफाड | राजस्व बाँडफाँड | ५,७२,५७६ |
| १३ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १,४५,००,००० |
| १४ | बैदेशिक श्रोत | बैदेशिक श्रोत | |
| १५ | अन्य अनुदान<br>(साझेदार संघ सस्था,<br>स्थानिय पुर्वाधार विकास कार्यक्र **LISP**, युनिसेफ) | अन्य अनुदान | **६,००,००,०००।-** |
| जम्मा | | | **५१,०९,७२,५७६** |

माथिका सबै शिर्षकबाट प्राप्त हुने रकम अनुमान गरी आगामी आर्थिक वर्षको जम्मा बजेट सीमा जम्मा ५१ करोड ०९ लाख ७२ हजार ५ सय ७६ मात्र कायम गरेको छु ।

**सभा अध्यक्ष महोदय,**

अव म आर्थिक वर्ष ०८१/०८२ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चहान्छु ।

**बजेटका उद्देश्यहरुलाई निम्नानुसार प्रस्तुत गर्न चाहन्छु**

१. प्राविधिक तथा व्यावसायिक जिवन उपयोगी गुणस्तरिय शिक्षा प्रदान गर्ने,
२. स्वस्थ तथा प्रभावकारी स्वास्थ्य सेवा घरदैलोमा प्रदान गर्ने,
३. दिगो र भरपर्दो भौतिक पूर्बाधारले सम्पन्न रास्कोट निर्माण गर्ने,
४. शिक्षा, स्वास्थ्य लगायत आधारभुत स्वास्थ्य सेवामा नगरबासीको समान सरल सुलभ पुहुँच स्थापित गर्ने ।

६. कृषिको उत्पादन र उत्पादकत्व बृद्धी गर्दै जनताको जीवन स्तरलाई उकासी आत्मनिर्भर बनाउने,

७. स्थानीय स्रोत साधनको उचित प्रयोगबाट उत्पादन मुलक रोजगारी सृजना गर्ने,

८. सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता एवम् सूचना प्रविधिको प्रयोग मार्फत सुशासनको अनुभुति ।

## आर्थिक बर्ष ०८१।०८२ को बजेटका प्राथमिकताहरु निम्नानुसार प्रस्तुत गरेको छ ।

१. शिक्षा ,स्वास्थ्य लगायत सामाजिक क्षेत्रको विकास गर्ने ।

२. उत्पादनशिलता र रोजगारमुलक क्षेत्रको विकास गर्ने ।

३. कृषि,वन,उद्योग पर्यटन र सूचना प्रविधिको विकास गरि रोजगारी सिर्जना गर्ने ।

४. बजेटका उद्देश्य हासिल गर्न र प्राथमिकता कार्यान्वयन गर्न संघीय सरकार, कर्णाली प्रदेश सरकार र निजि क्षेत्रसंग लागत साझेदारीका आधारमा सहकार्य गरिनेछ ।

५. लक्षित बर्गका, लैंगिक समानता, महिला सशक्तिकरण र सामाजिक समावेशिकरण

६. नियमित सडक ममर्त सम्भार,

७. राजश्व प्रशासन सुदृढिकरण,

८. कर्मचारी प्रशासन सशक्तिकरण तथा जनशक्ति विकास परिचालन,

९. विपद् तथा प्रकोप कोष संचालन,

१०. स्वास्थ्य जीवन विमा तथा घर विमा कार्यक्रम ,

११. व्यवसायिक कृषिखेतिको विकास गरि आयआर्जन वृद्धिगरि आत्मनिर्भर र स्वरोजगार बनाउने ।

१२. पर्यटन व्यवसायलाई बढवादिन नगरपालिकाका पाटनहरुमा विश्रामस्थल निर्माण, स्की खेल र सुविधा सम्पन्न रिसोर्ट निमार्णकार्यलाई प्राथमिकता

१३. सूचना प्रविधि तथा डिजिटल प्रणालीको उपयोगबाट पेपलेस E-governance को अवधारणा

माथि उल्लेखित उदेश्य एवम् प्राथमिकता गर्न नेपाल सरकार, कर्णाली प्रदेश सरकार, छिमेकी स्थानीय सरकार, नीजि तथा सहकारी क्षेत्र, गैरसरकारी क्षेत्र, टोलविकास संस्था तथा कानुन बमोजिम दर्ता भएका विभिन्न संघ सस्थाहरु संग अधिकतम समन्वय एवं साझेदारी गरिनेछ ।

**सभा अध्यक्ष महोदय,**

**नगर सभा सदस्य ज्यूहरु,**

**“ हामी बनाउछौ हाम्रो नगर”**

भन्ने नारालाई साकार गर्न उद्यमशिलता रोजागरी श्रृजना,असमानता न्यूनीकरण,सामाजिक विभेदको अन्त्य, दिगो र भरपर्दो पूर्वाधारको निर्माण हुने किसिका कार्यक्रमहरु सञ्चालनमा रास्कोट नगरपालिकाको बजेट विनियोजन गरिने छ । अब म सम्मानित सभा समक्ष आगामी आ.व. २०८१।०८२ को योजना तथा बजेट पेश गर्ने अनुमति चाहान्छु ।

## बित्तिय समानिकरण, सशर्त अनुदान,आन्तरिक श्रोत खर्चको अनुमानित विवरणः-

### आर्थिक विकासः कृषि, पशु ,उद्योग, वाणिज्य, पर्यटन, सहकारी र वित्तिय क्षेत्र

- रास्कोटमा कृषि उत्पादन र उत्पादकत्व बृद्धीको लागि आवश्यक विउ विजन , मल र सिचाईको व्यवस्था गरिने छ, यसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
- **"कृषिमा आत्मानिर्भर, घर घरमा रोजगार"** भन्ने नीति कृषि हव कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक बजेट प्रबन्ध गरिनेछ।
- रास्कोट नगरपालिकामा उद्योगको विकास मार्फत रोजगारी सृजना गर्नको लागि रास्कोट माटाका भाँडा निर्माण र रास्कोटको बेसार प्रसोधन उद्योगलाई व्यवस्थित ढंगले सञ्चालनको लागि आवश्ययक बजेट व्यवस्थापन गरेको छु।
- रास्कोटलाई मिठो ओखर हवको रुपमा विस्तार गर्न आवश्यक बजेट प्रबन्ध मिलाईने छ।
- रास्कोटको रैथाने पहिचान झल्किने कृषिबाट उत्पादित **रास्कोट कोशेली घर** निर्माण गर्न आवश्यक बजेट विनियोजन गरेको छु।
- व्यवसायिक रुपमा भेडा,बाख्रापालन गर्दै आउनुभएका कृषकहरुकालागि प्रोत्साहन स्वरुप गोठालो भत्ताका लागि १० लाख बजेट व्यवस्थापन गरेको छु।
- रास्कोट नगरपालिकाको वडा न ६ मा निर्माणाधिन औद्यौगिक ग्राम निर्माण कार्यलाई तिव्र पारि यथाशिघ्र संचालनमा ल्याईने छ।जसको मद्दतबाट सिपमुलक व्यवसायिक तालिमका साथै रोजगारी सिर्जना गरिनेछ।
- आर्थिक विकासमा कृषि क्षेत्रको योगदानलाई वृद्धि गर्न कृषि क्षेत्रको विविधिकरण, व्यवसायिकरण र आधुनिकीकरण गर्दै लैजाने नीति लिइनेछ। विभिन्न खेतीहरुको जोन र पकेट क्षेत्र अनुसार कार्यक्रमहरु सञ्चालन गर्ने, कृषि क्षेत्रमा यान्त्रिकरण गर्दै उत्पादनको लागत न्यूनीकरण गरी कृषि उत्पादनलाई प्रतिस्पर्धात्मक बनाईनेछ। यसकालागि आवश्यक रकम विनियोजन गरेको छु।
- पशु नश्ल सुधारका लागि कृत्रिम गर्भाधान, पशु आहार व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्थापन गरिएको छ।
- नगरपालिका भित्रका वित्तिय सस्थाहरुसँग सहकार्य गरी लघु, घरेलु तथा साना उद्यमीहरुलाई स्वरोजगार बन्न प्रेरित गरिनेछ। स्थानीय कच्चा पदार्थ तथा सीपमा आधारित श्रममूलक उद्योगहरुको विकास र प्रवर्द्धन गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ। यसकालागि आवश्यक बजेट व्यवस्था गरेको छु।

**आर्थिक विकासः कृषि, उद्योग, वाणिज्य, पर्यटन, सहकारी र वित्तिय क्षेत्र तर्फ रु. ७५ लाख ९२ हजार रकम विनियोजन गरेको छु।**

**सामाजिक विकासः** **शिक्षा, खेलकुद, संस्कृति प्रवर्धन, खानेपानी, स्वास्थ्य तथा लैङ्गिक समानता र सामाजिक समावेशीकरण**

- सामुदायिक विद्यालयमा विद्यार्थीको स्वास्थ्य सूरक्षा लाई ध्यानमा राखि स्वास्थ्य शिक्षाको प्रबर्द्धन गर्न रास्कोट नगरपालिका अन्तर्गतका माध्यामिक विद्यालयहरुमा विद्यालय नर्सिङ् कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- स्थानीय ज्ञान तथा प्रविधिलाई सम्बर्द्धन निर्माण गरिएको स्थानीय पाठ्यक्रमलाई कार्यन्वयन गर्न आधारभूत तहमा पाठ्यपुस्तक निर्माण गरी विद्यार्थीको हातहातमा पुर्याउन आवश्यक बजेट व्यवस्थापन गरेको छु ।
- बदलिदो समय र विश्वव्यापीकरण लाई ध्यानमा राखी सामुदायिक विद्यालयको शिक्षा प्रतिको उदासिनतालाई कम गर्न रास्कोट नगरपालिकाको नमुना माध्यामिक विद्यालय वडिमालिकामा अंग्रेजी माध्यामबाट पठनपाठ्न सञ्चालन गर्न नीति कार्यान्वयन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- स्नातक तहको शिक्षा अध्ययन सहजताका लागि रास्कोट बहुमुखी क्याम्पस सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- जनआन्दोलन, जनयुद्दकालिन सहिद, घाईते, अपाङ्गता भएका, द्वन्द्ध पिडित, विपन्न दलित परिवारको छात्रछात्राहरुलाई उच्च शिक्षा अध्ययनका लागि **"मेयर छात्रवृति कोष" नितिलाई कार्यान्वयन गर्न** आवश्यक वजेटको व्यवस्था मिलाएको छु ।
- विद्यालय शिक्षामा आमुल परिर्वतन गर्न तथा गुणस्तर सुधार गर्न विद्यार्थीको अन्तरनिहित प्रतिभा प्रस्फुटन गर्न, विद्यालय उमेरका वालवालिकालाई खेलक्षेत्र प्रतिरुची जागरुक गर्न खेलकुद प्रशिक्षक व्यवस्थापन गर्न र विद्यालयको भौतिक सम्पत्ती तथा शिक्षक विद्यार्थी कर्मचारीलाई अन्य भयबाट मुक्त गर्न विद्यालय सुरक्षा गार्डको व्यवस्था गर्नको लागि समेत बजेट व्यवस्थापन गरेको छु ।

- **प्रदेश स्तरीय खुल्ला मेयर कप खेलकुद** प्रतियोगिता आयोजना गर्न आवश्यक बजेटको प्रबन्ध मिलाएको छु ।
- आधारभुत शिक्षामा सबैको पहुचको राष्ट्रिय नीतिलाई टेवा पुर्‍याउनका लागि शिक्षामा विशेष सहयोग पुऱ्याउन रास्कोट गुणस्तरीय शिक्षाको लागि शैक्षिक क्रान्तिका कार्यक्रमलाई अगाडी बढाउनकालागि आवश्यक रकम विनियोजन गरेको छु ।
- नगरपालिका अन्तर्गका मा वि विद्यालयमा सुविधा सम्पन्न विज्ञान प्रयोगशाला निर्माण गरिनेछ र प्राविधक धार तर्फ ९-१२ कम्पयुटर शिक्षालाई थप प्रभावकारी बनाउन सुविधा सम्मपन्न कम्प्युटर ल्याब निर्माण गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

- नगरपालिका भित्र स्वच्छ र सुलभ खानेपानीको आपुर्तीलाई प्राथमिकतामा राखिनेछ। रास्कोट वृहत खानेपानी आयोजनालाई निरन्तरता दिँदै यस वर्ष **एक घर एक धारा** कार्यक्रमलाई निरन्तरता दिइने छ। यसकालागि आवश्यक रकम विनियोजन गरेको छु।
- स्वास्थ्यलाई नगरबासीहरुको आधारभूत हकको रुपमा स्थापना गर्ने नीतिको निरन्तरता दिदै स्वास्थ्यमा सबैको पहुँच विस्तार गर्ने खालका कार्यक्रम सञ्चालन गरिनेछ। रास्कोट अस्पतालमा विशेषज्ञ सेवा सहित मानव श्रोत तथा उपकरण सहितको स्तरोन्नती गर्न आवश्यक रकम व्यवस्था गरेको छु।
- . **"भरोसा होस नगर माथी, गाउँ घरमा स्वास्थ्य कर्मी साथी"** भन्ने नाराका साथ रास्कोट भित्रका जेष्ठ नागरिक, असहाय, अपाङ्गता भएका व्यक्तिहरु, गभर्वती महिलाहरु, वालवालिका तथा बिपन्न नागरिकहरुलाई घर घरमा स्वास्थ धुम्तीसेवा महिनाको एक पटक पुग्ने गरी "मेयर हेल्थ केयर कार्यक्रम" लाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरेको छु ।
- नगरभित्रका स्वास्थ्य संस्थाहरुको सुधार र जनशक्तिहरुको क्षमता विकासका लागि आवश्यक वजेटको व्यवस्था गरिएको छ।
- नगर भित्रका युवा, बालबालिका, महिला तथा किशोर किशोरीहरुलाई लागू औषध दुर्व्यसनी, घरेलु तथा यौनजन्य हिंसा, बाल अधिकार तथा महिलाको हक सम्बन्धी सचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ। यसकालागि आवश्यक बजेटको व्यवस्था मिलाइएको छ।
- लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई प्रत्याभूत गर्न महिला, बालबालिका, दलित, जनजाती, अपाङ्ग, असहाय, पिछडिएको वर्ग, भूमिहिन, जेष्ठ नागरिक एकल महिला तथा विपन्न वर्गहरुको ,आवश्यकता अनुसार संरक्षण र सशक्तिकरणमा विशेष जोड दिइने छ। यसका लागि आवश्यक रकम विनियोजन गरेको छु।
- दलित महिला लगायतका महिलाहरुलाई व्यवसायिक सीप विकास गरी उद्यमी बनाउन आयमुलक, सीपमुलक तालिम प्रदान गरी आय आर्जनमा वृद्धि गरी स्वरोजगार, आत्मनिर्भर हुने गरी सशक्तिकरणमा जोड दिइनेछ। भौतिक संरचना निर्माण गर्दा अपाङ्ग मैत्री बनाउने तथा अपाङ्ग व्यक्तिहरुको लागि सशक्तिकरण गर्ने नीति कार्यान्वयन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।
- जेष्ठ नागरिक भत्ता लगायतका सामाजिक सुरक्षाका कार्यक्रमलाई बैंकिङ प्रणालीबाट वितरण गरिने कार्यलाई निरन्तरता दिइ सामाजिक सुरक्षा भत्तालाइ घरदैलोमा वितरण गर्ने कार्यलाई निरन्तरता दिईने छ। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

**समग्रमा सामाजिक विकासः अन्तर्गत शिक्षा तर्फः** १७ करोड ७८ लाख रुपैया **स्वास्थ्य तर्फः** ४ करोड ५७ लाख **स्वास्थ्य विमा र घर विमा कार्यक्रमका लागि** रु २० लाख र लक्षित वर्गका लागि रु १० लाख रुपैया गरि **शिक्षा,** खेलकुद, संस्कृति प्रवर्धन, खानेपानी, स्वास्थ्य तथा लैङ्गिक समानता र सामाजिक समावेशीकरण तर्फ जम्मा -**रु २३ करोड** रकम विनियोजन गरेको छु।

**पूर्वाधार विकासः उर्जा, सञ्चार, स्थानीय सडक, पुल, सिंचाई, खानेपानी पूर्वाधार, भवन तथा सहरी विकास**

- वडा नं. १ देखि ९ सम्म ट्र्याक खोलिइसकेका सडकहरुको ममर्त सम्भार र स्तरोन्नती गर्ने कार्यालाई निरन्तरता दिईनेछ। यसकालागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।
- रास्कोट नगरपालिकाको चक्रपथ निर्माण तथा नगर भित्रका सहायक सडकहरुलाई मुख्य सडक सञ्जालसंग जोड्ने कार्यलाई प्राथमिकतासाथ सडक स्तरउन्नति गर्न आवश्यक बजेट विनियोजन गरेको छु।
- सान्निगाड देखी बजार क्षेत्रका कालो पत्रे थप विस्तार गरि हरित र वतावरणमैत्रि सडक निर्माण गरिने छ । यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- स्थानीय पूर्वाधार सहयोग कार्यक्रम र अन्य विभिन्न सोझेदार निकायहरु बाट सञ्चालन हुने आयोजनालाई निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था गरेको छु।
- सिचाई प्रणालीलाई नियमित,दिगो भरपर्दो बनाउनको लागि रास्कोट बृहत सिचाई कुलो निर्माण आयोजनाहरु निर्माण कार्य लाई यसै बर्ष देखि सञ्चालन गरिने छ। यसको लागि आवश्यक बजेट व्यवस्था गरिएको छ।
- **पूर्वाधार विकासः उर्जा, सञ्चार, स्थानीय सडक, पुल, सिंचाई, खानेपानी पूर्वाधार, भवन तथा सहरी विकास तर्फ रु.१७ करोड २७ लाख रकम विनियोजन गरेको छु।**

**संस्थागत विकास सेवा प्रवाह र सुशासनः सामान्य सेवा प्रवाह, सुशासन, सूचना प्रविधिको विकास र तथ्यांक व्यवस्थापन।**

- समय समयमा वडाहरुमा घुम्ती सेवा टोली मार्फत जेष्ठ नागरिक परिचयपत्र तथा अपाङ्ग परिचय पत्र वितरण कार्यलाई विस्तार र प्रभावकारी गराईनेछ। यसकालागि आवश्यक बजेट विनियोजन गरेको छु।
- सेवा प्रवाहलाई चुस्त दुरुस्त र प्रभावकारी वनाउन सेवा प्रवाहका सबै सम्भावनाहरु लाइ खुला गरी जनशक्ति व्यवस्थापन र इन्टरनेटको क्षमता विकास गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।
- रास्कोट नगरपालिका स्थित प्रत्येक सेवा प्रदायक संस्थाहरुमा नागरिक वडापत्र र सुझाब पेटीका व्यवस्थापन गरि प्रभावकारी कार्यान्वयनका लागि एक संयन्त्र निर्माण गरिने छ। जसका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।
- सुरक्षा संवेदनशील भएका स्थानहरुमा प्रहरी विट स्थापना गर्ने, सुरक्षा निगरानी वृद्धि गर्ने र मुख्य बजार क्षेत्रहरुमा सिसिटिभि जडान र विस्तार गरिनेछ ।
- सुरक्षा संवेदनशील भएका स्थानहरुमा प्रहरी विट स्थापना गर्ने, सुरक्षा निगरानी वृद्धि गर्ने र मुख्य बजार क्षेत्रहरुमा सिसिटिभि जडान र विस्तार गरिनेछ

- नगरपालिकामा लेखापरीक्षण समिति बाट लेखा परीक्षण एवं बेरुजु फछ्र्यौटलाई प्रभावकारी गराईनेछ ।

**समग्रमा संस्थागत विकास, सेवा प्रवाह र सुशासन: अन्तर्गत सामान्य सेवा प्रवाह, सुशासन, सूचना प्रविधिको विकास र तथ्यांक व्यवस्थापनको लागि रु १ करोड २८ लाख रुपैया रकम विनियोजन गरेको छु ।**

**बन वातावरण तथा विपद व्यवस्थापन:**

- "एक घर अनिवार्य पाँच विरुवा" को नीति लागु गरिनेछ । लोप हुन गइरहेका बहुमूल्य जडिबुटी रोकथामका साथै जैविक विविधताको संरक्षण र वन क्षेत्रको व्यवस्थापनलाई उच्च प्रथमिकता दिइनेछ ।
- रास्कोट नगरपालिकाका क्षेत्रभित्रका सबै बाजो जमीनमा किनारमा बाँस, उत्तिस, वैस लगाएतका रुख विरुवा रोप्ने कार्यलाई अभियानकै रुपमा संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- जलवायु परिर्वतनको असरलाइ न्यूनिकरण गर्न संघीय सरकार,प्रदेश सरकार,विभिन्न दातृसंघ संस्था सँग साझेदारी गर्दै वनक्षेत्रको संरक्षण गर्न वृक्षारोपणका कार्यक्र र आवश्यक जनचेतनामुलक कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्थापन गरिने छ।
- रास्कोट नगरपालिकाका सबै घरहरुको जोखिम वहन गर्न घर विमा कार्यलाई निरन्तरता दिइनेछ । यसका लागि आवश्यक वजेट विनियोजन गरिएको छ ।

- विपद् समाग्री खरिद, उचित भण्डारण, जनशक्ति परिचालन, जोखिम न्यूनीकरण कार्यक्रम संचालन,राहात वितरण, पुर्नस्थापना जस्ता कार्यहरु गर्न विपद् तथा प्रकोप व्यवस्थापनकोष संचालनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

आ.व २०८१/०८२ मा विपद् व्यवस्थापन,पूर्वतायारी र प्रतिकार्य,गर्नको लागि रु.२३ लाख बजेट विनियोजन गरेको छु ।

- संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान, समपुरक अनुदान विशेष अनुदान, सडक बोर्ड नेपालबाट प्राप्त बजेट तोकिएकै शिर्षकमा खर्च तथा लेखांकन गरिने छ ।

**संघीय शर्सत अनुदान तर्फको खर्च विवरण:**

| | जम्मा रकम (रु हजार) |
|---|---|
| | ३१,५६,४० |

| | |
|---|---|
| **सशर्त अनुदान (चालु )** | **१८,३०,४०** |
| **प्राथमिक स्वास्थ्य सेवा** | **१,७०,००** |
| स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरवन्दी अनुसारको तलव, महगी भत्ता र पोषाक भत्ता | १,७०,०० |
| **आयुर्वेद सेवा कार्यक्रम** | **५,५०** |
| | ५,५० |
| आयुर्वेद सेवा कार्यक्रम (आयुर्वेद औषधालय) | ५,५० |
| **कृषि विभाग** | **५,२५** |
| कृषि स्नातक करार | ५,२५ |
| **सबैका लागि शिक्षा- आधारभूत तह** | **६,०५,२४** |
| आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारीहरु समेत) | ६,०५,२४ |
| **माध्यमिक तह** | **२,२४,५८** |
| माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारी,प्राविधिक धारका प्रशिक्षक समेत) | २,२४,५८ |
| **विद्यालय शिक्षा क्षेत्र योजना-(प्रदेश तथा स्थानीय तहका लागि)** | **५,६६,५३** |
| प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | ५३,९६ |
| प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | १२,०० |
| प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | ९,०० |
| सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषय/मातृभाषाको समेत) | ७,०० |
| सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषय/मातृभाषाको समेत) | ५,०० |
| सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषय/मातृभाषाको समेत) | ३३,१८ |
| तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | १,२६,०८ |
| तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | २२,०० |
| तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | २९,०० |

| | |
|---|---|
| विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | २,०० |
| विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | ३,०० |
| विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | १५,७० |
| शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | ३,०० |
| शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | १३,६९ |
| शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | २,०० |
| विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ९,०० |
| विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | १२,०० |
| विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ५६,७९ |
| सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन | ३,०० |
| सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन | १५,६३ |
| सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन | ३,०० |
| शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | १,०० |
| शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | ७,३० |
| शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | २,०० |
| विपद्का समयमा सिकाइ निरन्तरताका लागि सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (□ङ्गक्त) कार्यान्वयन | १,०० |
| विपद्का समयमा सिकाइ निरन्तरताका लागि सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (□ङ्गक्त) कार्यान्वयन | ३,०० |
| विपद्का समयमा सिकाइ निरन्तरताका लागि सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (□ङ्गक्त) कार्यान्वयन | १,०० |
| विपन्न लक्षित छात्रवृत्तिकालागि छनौट भएका (कक्षा ६-१२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृत्ति | २,०० |
| विपन्न लक्षित छात्रवृत्तिकालागि छनौट भएका (कक्षा ६-१२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृत्ति | १,०० |
| विपन्न लक्षित छात्रवृत्तिकालागि छनौट भएका (कक्षा ६-१२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृत्ति | ७,५० |

| | |
|---|---|
| माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ५,०० |
| माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ४,०० |
| माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | २०,१५ |
| आधारमुत तह कक्षा (६-८) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ४,०० |
| आधारमुत तह कक्षा (६-८) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | २३,६५ |
| आधारमुत तह कक्षा (६-८) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ५,०० |
| प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्थाका लागि विद्यालयलाइ अनुदान | ३,०० |
| प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्थाका लागि विद्यालयलाइ अनुदान | १२,१० |
| प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्थाका लागि विद्यालयलाइ अनुदान | २,०० |
| सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | ३,०० |
| सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | १८,८० |
| सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | ४,०० |
| **युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना** | **६०,११** |
| | ६०,११ |
| रोजगार सेवा केन्द्रको लागी मसलन्द खर्च | १,०० |
| कार्यस्थल सुरक्षा सामाग्री | ३,०० |
| रोजगार सहायकको तलब | ५,०० |
| रोजगार सहायको स्थानीय भत्ता | १,०० |
| रोजगार सहायको स्थानीय भत्ता | १६ |
| रोजगार सहायकको पोशाक भत्ता | १० |
| प्राविधिक सहायकको पोसाक | १० |
| प्राविधिक सहायकको तलव | ५,०० |
| प्राविधिक सहायकको स्थानीय भत्ता | १६ |
| प्राविधिक सहायकको स्थानीय भत्ता | १,०० |
| कार्यस्थलमा आधारित सीप/क्षमता विकास तालिम र जीवन उपयोगी सीप तालिम | १०,०० |
| रोजगारीमा खटिनु पूर्व अभिमुखिकरण कार्यक्रम सञ्चालन | ४५ |
| श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप संचालन | १,०० |
| स्थानीय तहको रोजगार रणनीति तर्जुमा/ अध्यावधिक/ कार्यान्वयन तथा आन्तरीक रोजगारी प्रवर्द्धन अभियान सम्बन्धी कार्यक्रम सञ्चालन | १,०० |
| रोजगार संवाद मञ्चको सञ्चालन | ३० |

| | |
|---|---|
| रोजगारी सृजना (आई.डि.ए.□ | ६० |
| रोजगारी सृजना (आई.डि.ए.□ | २९,०० |
| सञ्चालित रोजगार आयोजनाहरुको अनुगमन/निरिक्षण | १,०० |
| अन्य विविध खर्च (चिया, पानि लगायत अन्य विविध) | २४ |
| **कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम** | **१०,२०** |
| कृषि तथा पशु सेवाका एक गाँउ एक प्राविधिकहरुको तलव भत्ता | ८,६० |
| किसान सूचीकरण कार्यक्रम | १,०० |
| कृषि, पशुपन्छी तथा मत्स्य तथ्याकं अध्यावधिक कार्यक्रम | ६० |
| **राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग** | **४,९५** |
| स्थानीय तहका त्तञ द्धमङ्गचक□द्वच को लागत साझेदारी अन्तर्गत संघीय सरकारले व्यहोर्ने ७ महिनाको पारिश्रमिक बापतको रकम (बाँकी ६ महिनाको सम्बन्धित स्थानीय तहले व्यहोर्ने) | २,४४ |
| स्थानीय तहका फिल्ड सहायकको लागत साझेदारी अन्तर्गत संघीय सरकारले व्यहोर्ने ७ महिनाको पारिश्रमिक बापतको रकम (बाँकी ६ महिनाको सम्बन्धित स्थानीय तहले व्यहोर्ने) | २,३१ |
| एम.आई.एस.अपरेटर र फिल्ड सहायक पोशाक भत्ता | २० |
| **प्रधानमन्त्री रोजगार कार्यक्रम** | **४१,००** |
| | ४१,०० |
| रोजगार संयोजकको तलव | ५,६८ |
| रोजगार संयोजकको स्थानीय भत्ता | १,७८ |
| रोजगार संयोजकको पोसाक | १० |
| रोजगारी सृजना (नेपाल सरकार) | ३३,४४ |
| **लघु उद्यम विकास कार्यक्रम** | **१३,००** |
| | १३,०० |
| सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समुहमा प्रबिधि हस्तान्तरण | १,४० |
| गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम उद्यमीको स्तरोन्नती (आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम) | २,४० |
| गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने | ९,२० |
| **प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना** | **१२,००** |
| आ.व. २०८१/८२ मा नँया स्याउ/ओखर पकेट विकास कार्यक्रम संचालन | १२,०० |
| **बहुक्षेत्रीय पोषण कार्यक्रम** | **२०,००** |

| | |
|---|---|
| | २०,०० |
| पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन | १०,४० |
| सुनौला हजार दिनका विपन्न महिलाको पोषण सुधारको लागि आयआर्जन अनुदान | ६,२५ |
| बहुक्षेत्रीय पोषण कार्यक्रमका पोषण सहजकर्ताको पारिश्रमिक | ३,३५ |
| **<u>पशु सेवा विभाग</u>** | **<u>९२</u>** |
| इपिडेमियोलोजिकल रिपोर्टिङ्ग | १२ |
| महामरी/आकास्मिक रोग नियन्त्रण कार्यक्रम | ८० |
| **<u>परिवार कल्याण कार्यक्रम</u>** | **<u>५२,८६</u>** |
| प्रजनन् रुग्णता स्वास्थ्य सेवा | ८८ |
| परिवार योजना सेवा | ७० |
| किशोरकिशोरी स्वास्थ्य सेवा | ९८ |
| पोषण कार्यक्रम | ४,७२ |
| स्थानिय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसंचार, न्यानो झोला, सुरक्षित निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम | २७,७० |
| स्थानिय तह मार्फत मातृ तथा नवशिशु कार्यक्रम सन्चालन | ११,७९ |
| एच.पी.भी. खोप अभियान तथा नियमित खोपमा शुरुवात को लागि कार्यक्रम संचालन तथा ब्यबस्थापन (स्वास्थ्यकर्मीको तालिम, महिला स्वास्थ्यस्वयंमसेविका/ स्वयंसेवक को अभिमुखीकरण, विद्यालय शिक्षक को वैठक र पालिका तथा वडा खोप समन्वय समितिको वैठक) खर्च | ३,८८ |
| स्थानीय तहको साझेदारीमा नियमित खोप सुदृढीकरण, पूर्ण खोप सुनिश्चतता र दीगोपनाका लागि स्वास्थ्यकर्मिबाट वडामा घरधुरी सर्वेक्षण, पालिकाबाट वडा भेरिफिकेसन, अनुगमन तथा प्रमाणीकरणको सुपरिवेक्षण तथा व्यवस्थापन खर्च | २,२१ |
| **<u>महामारी रोग नियन्त्रण कार्यक्रम</u>** | **<u>१,१०</u>** |
| जुनोटिक रोगहरू, क्त□ सम्बन्धि पैरवी तथा अभिमूखिकरण कार्यक्रम,क्त□ घ्कक्ष,□कखञङ्ग घ्कक्ष | २० |
| किटजन्य रोग नियन्त्रण कार्यक्रमको अनुगमन एवम् मूल्याङ्कन तथा किटजन्य रोग नियन्त्रणका लागि क्ग□ञसङ्ग ग्कृङ्ग घ्ङ्ग□ङ्गग□ञद्वथ तथा‸तञघङ्ग ढुवानी समेत (औलो र कालाजार) | ७० |
| बिश्व रक्तचाप दिवस तथा आत्महत्या न्यूनीकरण दिवस मनाउने | २० |
| **<u>क्षयरोग नियन्त्रण</u>** | **<u>१,८८</u>** |
| | १,८८ |

| | |
|---|---|
| आकस्मिक अवस्थामा औसधि एवं ल्याब सामाग्री ढुवानी, रेकर्डिङ तथा रिपोर्टिङका लागि फर्म फरमेट छपाइ, ई-टि.बि रजिस्टरअध्यावधिक, विश्व क्षयरोग दिवस सम्बन्धी कार्यक्रम, स्थलगत अनुशिक्षण तथा सुपरिवेक्षण, क्षयरोगका कार्यक्रमको अर्ध बार्षिक समिक्षा तथा कोहर्ट विश्लेषण | १,०० |
| समुदायलाई क्षयरोग सम्बन्धी अभिमुखिकरण एवम् घरदैलो क्षयरोग खोजपडताल कार्यक्रम। क्षयरोगका जोखिम समुह तथा स्वास्थ सेवाको पहुच कम भएका समुदायमा सकृय क्षयरोग खोजपडताल कार्यक्रम। घरपरिवारका सदस्यहरूको सम्पर्क परिक्षण, एवं पाँच वर्ष मुनिका बालबालिमा क्षयरोग रोकथाम सम्बन्धी टी.पि.टी. कार्यक्रम। | ८८ |
| **नर्सिङ तथा सामाजकि सुरक्षा सेवा कार्यक्रम** | **६,८२** |
| राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम (पोसाक प्रोत्साहन र यातायात खर्च) | ६,८२ |
| **स्वास्थ्य ब्यवस्थापन कार्यक्रम** | **२,८०** |
| नियमित तथ्याङ्कको गुणस्तर वृद्धिका लागि स्वास्थ्य संस्थाहरूको मासिक बैठक, डाटा भेरिफिकेशन तथा भ्यालिडेशन एवम् अर्धबार्षिक र बार्षिक समिक्षा | २,८० |
| **उपचारात्मक सेवा कार्यक्रम** | **१६,६६** |
| आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद | १५,४४ |
| स्वास्थ्य चौकी (आधारभुत स्वास्थ्य सेवा केन्द्र) को न्युनतम सेवा मापदण्ड कार्यक्रम ( अभिमुखीकरण, समिक्षा, फलो अप , अनुगमन तथा सुदृधिकरण समेत ) | १,२२ |
| **राष्ट्रपति महिला सशक्तिकरण परियोजना** | **२,००** |
| १०० वटा स्थानीय तहमा महिला उद्धमशीलता विकास सहजीकरण केन्द्र संचालन सशर्त अनुदान | २,०० |
| **प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत)** | **७,००** |
| ग्रूङ्कस्रू को मापदण्डबमोजिम सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन अनुदान | ७,०० |
| **समपुरक अनुदान** | **१,४५,००** |
| वडा कार्यालय भवन निर्माण । | १,४५,०० |
| सशर्त अनुदान ( पुँजीगत) | १,९५,०० |
| **विद्यालय शिक्षा क्षेत्र योजना-(प्रदेश तथा स्थानीय तहका लागि)** | **१,२५,००** |
| | १,२५,०० |

| | |
|---|---|
| केन्द्रबाट छनौट भएका नमुना विद्यालय, विशेष विद्यालयको स्वीकृत गुरुयोजना अनुरुप भौतिक पुर्वाधार विकास तथा प्राविधिक धार तर्फ शैक्षिक सत्र २०७९ बाट कक्षा ९ सञ्चालन गर्ने विद्यालयलाइ ल्याव व्यवस्थापन अनुदान (कक्षा ११-१२ मा विज्ञान विषय सञ्चालनका लागि समेत) | ९०,०० |
| केन्द्रबाट छनौट भएका नमुना विद्यालय, विशेष विद्यालयको स्वीकृत गुरुयोजना अनुरुप भौतिक पुर्वाधार विकास तथा प्राविधिक धार तर्फ शैक्षिक सत्र २०७९ बाट कक्षा ९ सञ्चालन गर्ने विद्यालयलाइ ल्याव व्यवस्थापन अनुदान (कक्षा ११-१२ मा विज्ञान विषय सञ्चालनका लागि समेत) | १५,०० |
| केन्द्रबाट छनौट भएका नमुना विद्यालय, विशेष विद्यालयको स्वीकृत गुरुयोजना अनुरुप भौतिक पुर्वाधार विकास तथा प्राविधिक धार तर्फ शैक्षिक सत्र २०७९ बाट कक्षा ९ सञ्चालन गर्ने विद्यालयलाइ ल्याव व्यवस्थापन अनुदान (कक्षा ११-१२ मा विज्ञान विषय सञ्चालनका लागि समेत) | २०,०० |
| **उच्च पहाडी एवम् हिमाली क्षेत्र समृद्धि कार्यक्रम** | **४०,००** |
| ८ नं स्वास्थ्य कार्यालय देखि राताढुङ्गा सम्म सडक स्तरोन्नती | २०,०० |
| ९ नं वडा कार्यालय देखि बालुखेत सम्म नाला तथा सडक निर्माण | २०,०० |
| **बस्ती विकास कार्यक्रम** | **३०,००** |
| कालिकोट जिल्ला रास्कोट न.पा. वडा नं ५ मिलनटोल पाराउटेबाडा-रानागाउँ माथिगाउँ सम्म गोरेटो बाटो स्तरोन्नति कार्य | ३०,०० |

**प्रदेश शसर्त अनुदान खर्च तर्फः**

| **प्रदेश ससर्त अनुदान** | **२,७८,८८** |
|---|---|
| रोजगार सयोजक, मुख्यमन्त्री रोजगार कार्यक्रम हेर्ने ईन्जिनियर र रोजगार सेवा केन्द्रको प्राविधिकलाई प्रोत्साहन | १,८० |
| जोगि नौता देखि कोटहुदै क्षेडासम्म पि सि सि बाटो निर्माण रा न पा ०१ | १५,०० |
| भेडिखर्क देखि सुनेपानी सम्म पि सि सि बाटो निर्माण रा न पा ०२ | १५,०० |
| माथेपानी देखि वर्षेढुंगा हुदै कोलीगाँउ विद्यालयसम्म पि सि सि बाटो निर्माण रा न पा ०३ | १५,०० |
| सानोविजयपुर देखि चाउरीमाले हुदै चाटेखोला सम्म सडक ममर्त रा न पा ४ | १५,०० |

| | |
|---|---|
| रानागाँउ देखि मौला हुदै विमलटोल सम्म पि सि सि बाटो निर्माण, रा न पा ०५ | १५,०० |
| लडेखोला ओखलढुंगा हुदै कालाशिल्ला मावि सम्म पि सि सि बाटो निर्माण रा न पा ०६ | १५,०० |
| सल्लेढुंगा देखि दमाया ढुंगासम्म पि सि सि बाटो निर्माण रा न पा ७ | १५,०० |
| जनजागृति मा वि देखि पलातिबाडा सम्म पि सि सि बाटो निर्माण रा न पा ०८ | १५,०० |
| पिङगलादेवी आ वि देखि ताम्तीसम्म पि सि सि बाटो निर्माण रा न पा ०९ | १५,०० |
| कालाशिल्ला मा वि भवन निर्माण रा न पा ०६ | २०,०० |
| बगाने खोला जुकाने सिँचाई कुलो निर्माण योजना रा न पा ५ | ६,०० |
| बडिमालिका मा वि फिल्ड निर्माण | २०,०० |
| लैफु रामारोशन सडक खण्ड अन्तर्गतको लैफु वास्तोला गगने तामाकोट हुदै पोतमारा शान्तिघाट सम्म सडक | ५०,०० |
| विजयपुर आधारभुत विद्यालयको भौतिक संरचना तथा फिल्ड निर्माण रा न पा ०५ | १५,०० |
| बडिमालिका मा वि घेरबार निर्माण | १०,०० |
| प्रमुख बालीहरुमा बाली कटानी | २० |
| कृषि प्रसार खाद्य सुरक्षा तथा पोषण सुधार कार्यक्रम | २,०० |
| पशू आहार तथा स्वास्थ्य सुधारको लागि प्रोबायोटिक तथा घाँसको विउ।विरुवा वितरण कार्यक्रम | १,५० |
| कर्णाली प्रदेश सरकार सुत्केरी पोषण कोशेली कार्यक्रम | ९,४८ |
| स्वास्थ्य स्वयमसेविका हरुलाई प्रोत्साहन भत्ता | २,९० |
| सामुदायिक स्वास्थ्य ईकाई शहरी स्वास्थ्य बर्थिंङ सेन्टर सुधार गाँहखेत स्वास्थ्य इकाई रा न पा ९ | ३,०० |
| सामुदायिक स्वास्थ्य ईकाई शहरी स्वास्थ्य बर्थिंङ सेन्टर सुधार बसन्तपुर स्युना स्वास्थ्य इकाई रा न पा ४ | २,०० |

**संघीय राजश्व बाँडफाँड, प्रदेश समानिकरण र प्रदेश राजश्व बाँडफाँडको रकम:** कार्यालय संचालन तथा प्रशासनिक कार्यका लागि रु ८ करोड ७८ लाख ७२ हजार विनियोजन गरिएको छ।

**प्रदेश विशेष अनुदान:** **जनजागृति मा वि फिल्ड तथा घेरबार निर्माण र मोतिराम मा वि फिल्ड तथा घेरबार निर्माणमा** रु ५० लाख विनियोजन गरिएको छ।

- अन्तमा, नगरपालिकाले आगामी आर्थिक बर्षमा सञ्चालन गर्न लागेका वार्षिक योजना तथा कार्यक्रमहरुमा सिर्जनात्मक सल्लाह सुझाव तथा कार्यान्वयनमा सहयोग र सहभागिताका लागि प्रत्यक्ष तथा परोक्ष रुपमा

सहयोग पुर्याउनु हुने नगर प्रमुखज्यू, कार्यपालिका सदस्यज्यू, नगर सभा सदस्यज्यू, विज्ञ महानुभाव, राजनीतिक दल, सञ्चारजगत्, नागरिक समाज, निजी क्षेत्र एवं विकास सहयात्री लगयात समस्त नगरबासी तथा अहोरात्र खटिने नगरपालिकाका सम्पूर्ण कर्मचारीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। साथै आय र क्षेत्रगत व्यव समेटिएको रातो पुस्तिका शीघ्र सार्वजनिक गरिने व्यहोरा सम्मानित सभा समक्ष जानकारी गराउँदै समृद्ध रास्कोट नगरपालिका निर्माण गर्ने अभियानमा सबैको योगदानको अपेक्षा समेत गर्दछु ।

धन्यवाद।

मनिराज बराल

नगर उप-प्रमुख

२०८१ साल असार ७ गते रोज ६ शुभम् !